नेपाल सरकार

## स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं ।
## एफ.एम. रेडियोबाट स्वास्थ्य बीमा सन्देश प्रसारणसंग सम्बन्धित
## बोलपत्र आह्वानको सूचना
### (प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७९।१०।०५)

१.नेपाल सरकार, स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौंले राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत एफ.एम.रेडियोबाट स्वास्थ्य बीमा सम्बन्धी चेतनामुलक सन्देश प्रसारण गर्ने कार्य गर्नका लागि इच्छुक र योग्यता पुगेका व्यक्ति/फर्म/सप्लायर्स/कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन पुग्ने मिति २०७९।११।०५ गते १२ बजे भित्रमा E-Bidding मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp बाटDownload गरी वा हेरी Upload गरी पेश गर्न आह्वान गरिन्छ। साथै Bid Security रकम ,फारमवापत शुल्क र बोलपत्रको मान्य अवधि निम्न तालिका अनुसार हुनेछ।

| Contract ID No. | Name of Procurement | Bid Security Nrs. | Document Fee Nrs. | Bid Validity Period |
|---|---|---|---|---|
| HIB/G/NCB/2079-80/01 | एफ.एम.रेडियोबाट स्वास्थ्य बीमा सम्बन्धी चेतनामुलक सन्देश प्रसारण | ३९,९००/- | ३०००/- | ९० दिन |

२.बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि यस बोर्डको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् :
**स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं, सम्पर्क नं : ०१-४१००२२३, ४१००२२४,** इमेल ठेगाना : info@hib.gov.np साथै यो सूचना website:www.hib.gov.np बाट पनि हेर्न सकिनेछ।

३.बोलपत्रदाताले कारोवारको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न राखी निवेदन सहित Upload गर्नुपर्नेछ।

४.बोलपत्रदाताले माथि उल्लेख भए अनुसारको Bid Security रकम नगदै जम्मा गरेमा को.ले.नि.का. त्रिपुरेश्वरको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाण्डौको धरौटी खाता न. १७००१००१०२०३०००० , कार्यालय कोड नं. ३७०३१३५०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको इजाजत प्राप्त कुनैपनि बाणिज्य बैंक वा बित्तिय संस्थाबाट यस बोर्डको नाममा जारी भएको सोही रकम बराबरको बोलपत्र जमानत(बिडबण्ड) को सक्कलै पत्र स्क्यान गरी E-Bidding मार्फत् बोलपत्र साथ Upload गर्नुपर्नेछ।

५. बोलपत्रदाताले माथि उल्लेख भए अनुसारको बोलपत्र दस्तुर (Bid Document) बापतको रकम यस बोर्डको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाण्डौको बैंक खाता नं. १०००१००२०००१०००० , राजस्व शीर्षक नं. १४२२९, कार्यालयको कोड नं.३७०३१३५०१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर स्क्यान गरी E-Bidding मार्फत् बोलपत्र साथ Upload गर्नुपर्नेछ।

६.एफ.एम.रेडियोबाट स्वास्थ्य बीमा सम्बन्धी चेतनामुलक सन्देश प्रसारण गर्न चाहने संस्थाहरुको बिगत ३ आ.व.को औषत वार्षिक कारोबार न्यूनतम रु.२५ लाख हुनुपर्नेछ र कम्तीमा कुनै एक सरकारी संस्थाको वार्षिक रु.५ लाख भन्दा माथिको सुचनामूलक सन्देश एफ.एम.रेडियोबाट प्रसारण गरेको हुनुपर्नेछ। साथै बिगत ३ आ.व.भित्र कम्तिमा कुनै एक नेटवर्किङ भएको एफ.एम.रेडियोबाट सूचनामूलक सन्देश प्रसारण गरेको हुनु पर्नेछ।

७.बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ। तोकिएको म्याद भित्र प्राप्त भएका बोलपत्रहरू मिति **२०७९।११।०७ गते अपरान्ह २:०० बजे** बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा यस बोर्डको कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्नेछैन।

८.बोलपत्र फारममा उल्लेख भएका निर्देशनहरुको अनिवार्य रुपमा पालना गरी बोलपत्र भरी पेश गर्नु पर्नेछ। Upload भई Registration हुन आएका बोलपत्र स्वीकार गर्ने र रद्द गर्ने सम्पूर्ण अधिकार यस बोर्डलाई हुनेछ।

९. E-Bidding बोलपत्र पेश गर्दा बोलपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp मा Bidder को रुपमा Registration गरे पश्चात सो पोर्टलको Homepage मा Bidder को रुपमा login गरी Bid Document डाउनलोड गर्न सकिने साथै Standard Bid Document तथा उक्त पोर्टलमा उल्लेख गरिएको निर्देशन बमोजिम Bidder ले E-bid पेश गर्नु पर्नेछ।

१०.बोलपत्र पेश गर्दा आफूले पेश गर्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ। यस बोलपत्र सम्बन्धी अन्य प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुने र थप विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ।

११.जिल्ला स्थित एफ.एम.रेडियोबाट सन्देश प्रसारण भएको स्वास्थ्य बीमा बोर्ड सम्पर्क शाखा कार्यालयहरुबाट प्राप्त प्रतिवेदनका आधारमा सम्झौता अनुसारको रकम भुक्तानी गरिनेछ।